राष्ट्रिय दैनिक

# समाचार दैनिक

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

जनकपुर

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३१९ २०८३ असार ४ गते बिहिवार(18 June 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## गोदामबाट ७५ बोरा फर्सीको बीउ बरामद



दैनिक समाचारदाता
सर्लाही, ४ असार । सर्लाहीको मलंगवा नगरपालिकास्थित एक व्यवसायिक गोदामबाट अवैध रूपमा भण्डारण गरिएको ठूलो परिमाणको फर्सीको बीउ सशस्त्र प्रहरीले बरामद गरेको छ।

मलंगवा नगरपालिका-२ स्थित कृष्णमन्दिर नजिक सञ्चालनमा रहेको दिनकर सेल्स सप्लायर्सबाट ७५ बोरा फर्सीको बीउ बरामद गरिएको हो। उक्त सप्लायर्स स्थानीय व्यवसायी नवीनकुमार यादवको स्वामित्वमा रहेको बताइएको छ।सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीबाट प्राप्त विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल नं. १० गण सर्लाही, सीमा सुरक्षा गुल्म मलंगवा, बोर्डर आउटपोस्ट खुटौना, नेपाल प्रहरी तथा जिल्ला प्रशासन कार्यालयको संयुक्त टोलीले गोदाममा छापा मारेर बीउ नियन्त्रणमा लिएको हो।

सशस्त्र प्रहरीका प्रवक्ता प्रहरी उपरीक्षक नेत्रबहादुर कार्कीका अनुसार संयुक्त टोलीले जेठ ३ गते राति गोदाममा छापा

*बाँकी पृष्ठ ३मा*

# मधेशमा पाँच वर्षमा २९हजार बढी सवारी दुर्घटना २७ सयको मृत्यु

दैनिक समाचारदा
जनकपुरधाम, ४ असार । मधेश प्रदेशमा पछिल्लो पाँच वर्षको अवधिमा २९ हजार १ सय ८३ वटा सवारी दुर्घटना हुँदा २ हजार ७ सय ४८ जनाले ज्यान गुमाएको तथ्यांक सार्वजनिक भएको छ। दुर्घटनाका कारण हजारौं नागरिक घाइते भएका छन् भने सडक सुरक्षा प्रदेशकै गम्भीर चुनौतीका रूपमा देखिएको छ।

बिहीबार जनकपुरधाममा आयोजित 'प्रदेशस्तरीय सडक सुरक्षासम्बन्धी कार्यशाला गोष्ठीमा प्रस्तुत मधेश प्रदेश ट्राफिक प्रहरी कार्यालयको तथ्यांकअनुसार दुर्घटनामा ४१ हजार ६ सय ९७ वटा मोटरसाइकल तथा चारपांग्रे सवारी साधन संलग्न भएका छन्। दुर्घटनाबाट १० हजार ८




सय ६६ जना गम्भीर घाइते भएका छन् भने ३६ हजार १ सय ४२ जना सामान्य घाइते भएका छन्।

दुर्घटनामा ज्यान गुमाउनेमध्ये पुरुषको संख्या सबैभन्दा बढी रहेको छ। तथ्यांकअनुसार २ हजार ८५ पुरुष, ४ सय १४ महिला, १ सय ५१ बालक र ४८ बालिकाको मृत्यु भएको छ। साथै, १ सय ५७ वटा जनावर पनि दुर्घटनाको सिकार बनेका छन्।

ट्राफिक प्रहरीको विश्लेषणअनुसार अधिकांश दुर्घटनाको मुख्य कारण चालकको लापरवाही र असावधानी रहेको छ। प्रदेशमा हुने कुल दुर्घटनामध्ये करिब ६७ प्रतिशत मोटरसाइकल दुर्घटना रहेका छन्, जसले दुईपांग्रे सवारी साधन प्रयोगकर्ताको जोखिम उच्च रहेको देखाउँछ।

तथ्यांकले दुर्घटनाका अधिकांश घटना साँझ तथा रातिको समयमा हुने गरेको देखाएको छ। अपर्याप्त सडक सुरक्षा, तीव्र गति, ट्राफिक नियमको उल्लंघन तथा कमजोर सडक अनुशासन दुर्घटनाका प्रमुख कारणका रूपमा औँल्याइएको छ।

राष्ट्रिय स्तरको तथ्यांक पनि उत्तिकै चिन्ताजनक छ । पछिल्लो १० वर्षमा नेपालभर १ लाख ८० हजार ४ सय ७४ वटा सडक दुर्घटना भएका छन्। ती

*बाँकी पृष्ठ ३मा*

## अधिकार अभावले अपराध नियन्त्रण कठिन : मुख्यमन्त्री



दैनिक समाचारदाता
जनकपुरधाम, ४ असार । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सरकारलाई पर्याप्त अधिकार नदिइएकै कारण अपराध नियन्त्रण, सुरक्षा व्यवस्थापन तथा सेवा प्रवाह प्रभावकारी हुन नसकेको बताउनुभएको छ ।

बिहीबार जनकपुरधाममा आयोजित प्रदेशस्तरीय सडक सुरक्षासम्बन्धी कार्यशालागोष्ठीलाई सम्बोधन गर्दै उहाँले संघीय संरचनाको कार्यान्वयनमा देखिएको कमजोरीप्रति असन्तुष्टि व्यक्त गर्नुभयो। प्रदेश सरकारलाई अधिकार सम्पन्न बनाउने प्रतिबद्धता गरिए पनि व्यवहारमा संघ सरकारले प्रदेशलाई अधिकारविहीन बनाएको उहाँको आरोप थियो ।

मुख्यमन्त्री यादवले प्रदेश सरकारसँग आफ्नै प्रहरी प्रशासन, कर्मचारी संरचना तथा आवश्यक अधिकार नहुँदा जनअपेक्षाअनुसार काम गर्न कठिन भइरहेको बताउनुभयो। "प्रदेशको प्रमुख विषय नै प्रदेश प्रहरी प्रशासन र कर्मचारी व्यवस्थापन हो। तर त्यसमा अधिकार नहुँदा प्रदेशले प्रभावकारी रूपमा काम गर्न सक्दैन," उहाँले भन्नुभयो, "अहिले पनि सुरक्षा निकाय, कर्मचारी संयन्त्रलगायत अधिकांश संरचना संघ सरकार मातहत छन्। यसले प्रदेश सरकारको निर्णय कार्यान्वयनमा समस्या सिर्जना गरेको छ।"

उहाँले प्रदेशलाई आवश्यक अधिकार नदिई संघीयता कार्यान्वयनको अपेक्षा गर्नु व्यवहारिक नहुने उल्लेख गर्दै प्रदेश सरकारलाई 'अधिकारविहीन' बनाइएको टिप्पणी गर्नुभयो। सडक सुरक्षा, ट्राफिक व्यवस्थापन तथा दुर्घटना न्यूनीकरणका लागि आवश्यक बजेट, स्रोत(साधन र अधिकारको अभाव प्रमुख चुनौती बनेको उहाँको भनाइ थियो।

मुख्यमन्त्री यादवले सडक दुर्घटना न्यूनीकरण र सुरक्षित यातायात व्यवस्थापनका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै यसका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको धारणा राख्नुभयो।

कार्यक्रममा श्रम तथा


*बाँकी पृष्ठ ३मा*

विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं


- वर्षाको समयमा बाढी, पहिरो तथा चट्याङ्को जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्याङ्कन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदी किनारा वा भीरालो जमिनमा बसोबास भएकाहरू विशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घरपरिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आबद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना
दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201
नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# मधेशका लागि चेतावनीको घण्टी

मधेश प्रदेशमा पछिल्लो एक वर्षभित्र मानसिक स्वास्थ्यसँग सम्बन्धित विभिन्न कारणले १ हजार २ सय ८८ जनाले ज्यान गुमाएको तथ्याङ्क सार्वजनिक भएको छ । यो कुनै सामान्य स्वास्थ्य तथ्याङ्क होइन, बरु प्रदेशको सामाजिक, आर्थिक र मानवीय अवस्थामाथि गम्भीर प्रश्न उठाउने संकेत हो। अझ चिन्ताको विषय के छ भने तीमध्ये १ हजार १ सय ६ जनाले झुण्डिएर र १ सय ८२ जनाले विष सेवन गरी जीवन समाप्त गरेका छन् । यसले मानसिक स्वास्थ्य समस्या अब व्यक्तिगत सीमाभित्रको विषय नरही सार्वजनिक स्वास्थ्य संकटका रूपमा स्थापित भइसकेको स्पष्ट देखाउँछ।

परम्परागत रूपमा शारीरिक रोगलाई मात्र स्वास्थ्य समस्याका रूपमा बुझ्ने हाम्रो समाजमा मानसिक स्वास्थ्यको विषय अझै पनि पर्याप्त प्राथमिकतामा पर्न सकेको छैन । मानसिक तनाव, अवसाद, चिन्ता, पारिवारिक कलह, बेरोजगारी, आर्थिक अभाव, वैदेशिक रोजगारीका चुनौती, सामाजिक विभेद तथा बदलिँदो जीवनशैलीले मानिसको मानसिक अवस्थामाथि गहिरो असर पारिरहेको छ। तर यस्ता समस्याबारे खुलेर कुरा गर्ने वातावरण अझै निर्माण हुन सकेको छैन ।

६१ लाखभन्दा बढी जनसंख्या रहेको प्रदेशमा सरकारी र निजी क्षेत्र गरी जम्मा १० जना मानसिक रोग विशेषज्ञ चिकित्सक मात्र रहेको तथ्य सार्वजनिक गर्नुभएको छ । यो अवस्था आफैँमा अत्यन्त गम्भीर छ । यति ठूलो जनसंख्याका लागि विशेषज्ञ जनशक्ति यति न्यून हुनु भनेको मानसिक स्वास्थ्य सेवा अझै राज्यको प्राथमिकतामा नपरेको प्रमाण हो । विशेषज्ञ चिकित्सकको अभावका कारण धेरै बिरामी समयमै उपचार र परामर्शबाट वञ्चित भइरहेका छन्।

मानसिक स्वास्थ्य समस्या केवल अस्पताल वा चिकित्सकको विषय मात्र होइन। यो सामाजिक संरचना, पारिवारिक सम्बन्ध, आर्थिक अवस्था र सामुदायिक वातावरणसँग प्रत्यक्ष जोडिएको प्रश्न हो। जब कुनै व्यक्ति निराशा, तनाव वा अवसादको अवस्थामा पुग्छ, त्यसको प्रभाव केवल उसमा मात्र सीमित रहँदैन; परिवार, समुदाय र समग्र समाजले त्यसको असर भोग्नुपर्छ। त्यसैले मानसिक स्वास्थ्यलाई व्यक्तिगत कमजोरी वा लाजको विषयका रूपमा होइन, उपचारयोग्य स्वास्थ्य समस्याका रूपमा बुझ्न आवश्यक छ।

सकारात्मक पक्ष के छ भने सामी परियोजनाको सहयोगमा मधेशका १३६ स्थानीय तहमध्ये ९३ पालिकामा मनोसामाजिक परामर्श सेवा विस्तार गरिएको छ। यो स्वागतयोग्य प्रयास भए पनि अझै ४३ स्थानीय तहमा यस्तो सेवा पुग्न सकेको छैन। सेवा विस्तारसँगै त्यसको प्रभावकारिता, पहुँच र गुणस्तर सुनिश्चित गर्नु पनि उत्तिकै आवश्यक छ। ग्रामीण तथा विपन्न समुदायसम्म मानसिक स्वास्थ्य सेवा पुर्‍याउन स्थानीय तहलाई थप जिम्मेवार बनाइनुपर्छ।

आजको आवश्यकता भनेको मानसिक स्वास्थ्यसम्बन्धी सचेतना अभियानलाई विद्यालय, कलेज, कार्यस्थल तथा समुदायसम्म विस्तार गर्नु हो। मानसिक समस्याको प्रारम्भिक लक्षण पहिचान, समयमै परामर्श तथा उपचारको व्यवस्था, हेल्पलाइन सेवा, सामुदायिक परामर्श केन्द्र र विशेषज्ञ जनशक्तिको उत्पादन तथा व्यवस्थापनमा राज्यले विशेष ध्यान दिनुपर्छ। साथै, मानसिक रोगप्रति रहेको सामाजिक कलङ्क हटाउन सञ्चारमाध्यम, नागरिक समाज, धार्मिक अगुवा र समुदायका प्रभावशाली व्यक्तिहरूको सक्रिय भूमिका आवश्यक छ।

मानसिक स्वास्थ्यसम्बन्धी बढ्दो मृत्युका घटनाले मधेश प्रदेशलाई गम्भीर चेतावनी दिएको छ। यदि अहिले नै प्रभावकारी नीति, पर्याप्त बजेट, विशेषज्ञ जनशक्ति र समुदायमा आधारित सेवा प्रणाली विकास गर्न सकिएन भने आगामी दिनमा यो समस्या अझ भयावह बन्न सक्छ। त्यसैले मानसिक स्वास्थ्यलाई अब स्वास्थ्य क्षेत्रको एउटा सानो विषयका रूपमा होइन, मानवीय विकास र सामाजिक समृद्धिसँग प्रत्यक्ष जोडिएको प्राथमिक राष्ट्रिय एजेन्डाका रूपमा लिनु अपरिहार्य भइसकेको छ। मधेशमा देखिएको यो संकटलाई समयमै सम्बोधन गर्न सकिए मात्र हजारौँ जीवन बचाउन र स्वस्थ समाज निर्माण गर्न सम्भव हुनेछ।

# 'दलीय कि निर्दलीय'बारे बहसभन्दा प्रवृत्ति सुधार मुख्य सर्त



कृष्णप्रसाद सापकोटा

नेपालमा अहिले संविधान संशोधनको चर्चासँगै शासकीय स्वरूप र निर्वाचन प्रणालीमाथि विभिन्न कोणबाट बहस सुरु भएको छ । यसै सन्दर्भमा निर्वाचन आयोगले हालै सरकारलाई बुझाएको २१ बुँदे सुझावको १३औँ बुँदामा 'स्थानीय तहको निर्वाचन गैरदलीय हुनुपर्ने' विषय उल्लेख गरेपछि यसले राजनीतिक र बौद्धिक वृत्तमा नयाँ तरङ्ग पैदा गरेको छ ।

विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सुरुवाती चरणदेखि नै स्थानीय तहलाई गैरदलीय बनाउनुपर्ने वकालत गर्दै आएको थियो । तर, के निर्वाचनको स्वरूप परिवर्तन गर्दैमा हाम्रो स्थानीय सरकारको प्रभावकारिता बढ्छ त ? वा समस्याको जड प्रणालीमा नभई हाम्रो राजनीतिक प्रवृत्तिमा छ ? यी प्रश्नहरूमा गम्भीर मन्थन आवश्यक छ ।

***विश्व अभ्यास र दलीयताको अर्थ***

संसारको लोकतान्त्रिक अभ्यासलाई हेर्ने हो भने स्थानीय निर्वाचनका दुवै खालका अभ्यास सफल र असफल दुवै अवस्थामा देखिन्छन् । युरोपेली मुलुकहरू, जस्तै डेनमार्कमा स्थानीय सरकारको निर्वाचन पूर्णतः दलीय आधारमा हुन्छ । मैले प्रत्यक्ष रूपमा डेनमार्कको स्थानीय सरकारका बैठकहरू र उनीहरूको कार्यशैली अवलोकन गरेको छु । त्यहाँ पार्टीकै तर्फबाट प्रतिनिधिहरू निर्वाचित हुन्छन्, तर उनीहरूको कार्यसम्पादनमा कुनै खोट देखिँदैन ।

***त्यसो भए दलीय प्रणाली आफैँमा खराब कसरी भयो ?***

वास्तवमा, यो प्रणालीको मात्र कुरा होइन, यो त 'प्रवृत्तिगत' कुरा हो । निर्वाचनमा दलको नाममा उठे पनि निर्वाचित भइसकेपछि प्रतिनिधिले कानुनको शासन लागु गर्ने हो कि पार्टीको शासन भन्ने कुराले फरक पार्छ । पार्टीको अनुशासन र शासन पार्टीभित्र मात्र लागु हुनुपर्छ । जब एक व्यक्ति जनप्रतिनिधि बन्छ, उसले संवैधानिक र कानुनी मर्यादाभित्र बसेर सबै नागरिकको साझा प्रतिनिधिका रूपमा काम गर्नुपर्छ ।

हाम्रोमा समस्या यहीँनिर छ- जनप्रतिनिधिहरू निर्वाचित भइसकेपछि पनि आफूलाई केवल एउटा पार्टीको कार्यकर्ताको रूपमा मात्र प्रस्तुत गर्छन्, जसले गर्दा पक्षपात र अराजकता मौलाउँछ ।

***संविधान सभाको त्यो ऐतिहासिक बहस***

संविधान सभामा स्थानीय तहको निर्वाचन कस्तो हुने भन्नेबारे लामो र लामो बहस भएको थियो । म आफैँ पनि त्यस बहसको साक्षी र सहभागी हुँ । त्यतिबेला मुख्यतया दुईवटा धार स्पष्ट थिए । मधेस केन्द्रित दलहरूको धारणा स्थानीय निर्वाचन गैरदलीय हुनुपर्छ भन्ने थियो । उनीहरूको तर्क थियो कि स्थानीयस्तरमा दलीय आधारमा विभाजन हुँदा विकास निर्माण र सामाजिक सद्भावमा असर पर्छ ।

अर्कातर्फ नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी जस्ता ठुला दलहरू दलीय व्यवस्थाकै पक्षमा थिए । दलीय व्यवस्था किन रोजियो भन्नेबारे पनि ठोस आधार थियो । व्यक्तिगत रूपमा निर्वाचित हुँदा प्रतिनिधिहरू कसैप्रति उत्तरदायी नहुने र उनीहरूलाई नियन्त्रण गर्ने कुनै संयन्त्र नहुने डर थियो । स्वतन्त्र रूपमा निर्वाचित भएपछि उसलाई कसले नियन्त्रण गर्ने ? के सभाले मात्र नियन्त्रण गर्न सक्छ ? दलीय आधारमा निर्वाचन हुँदा पार्टीको अनुशासन लाग्छ, भोलि भ्रष्टाचार गरेमा वा अराजक भएमा पार्टीले कारबाही गर्न सक्छ र उसको पद जान सक्छ भन्ने ढङ्गले यो व्यवस्था गरिएको हो । तर, व्यवहारमा दलहरूले आफ्ना प्रतिनिधिलाई गलत काममा रोक्नुको साटो उल्टै संरक्षण गर्ने प्रवृत्ति देखियो, जसले गर्दा यो व्यवस्थामाथि नै प्रश्न उठ्न थाल्यो ।

***सङ्घीयता र पार्टीको विरोधाभासपूर्ण संरचना***

हाम्रो मुलुक सङ्घीयतामा गयो, तर हाम्रा राजनीतिक दलहरू अझै पनि एकात्मक संरचना र मानसिकतामै छन् । यो नै सङ्घीयताको सबैभन्दा ठुलो विरोधाभास हो । सङ्घीयतामा गइसकेपछि टिकट वितरणदेखि निर्णय प्रक्रियासम्म स्थानीयस्तरमै हुनुपर्ने हो । तर, आज पनि एउटा वडा अध्यक्ष वा मेयरको टिकट लिन काठमाडौँको केन्द्रीय कार्यालय धाउनुपर्ने अवस्था छ ।

यदि पार्टीहरू साँच्चै सङ्घीयकरण भएका हुन्थे भने टिकट तल्लो तहकै कमिटीले वितरण गर्थे र उनीहरूको राम्रो-नराम्रो कामको जस-अपजस पनि स्थानीय पार्टीले नै लिनुपर्थ्यो । अहिले टिकट केन्द्रले बाँड्ने, तर कामको उत्तरदायित्व कसैले नलिने अवस्था छ । नागरिकले काठमाडौँमा बसेका नेतालाई प्रश्न गर्न सक्दैनन् र स्थानीय प्रतिनिधिलाई केन्द्रको आड भरोसा हुन्छ । यो संरचनात्मक त्रुटिले स्थानीय सरकारलाई कमजोर बनाएको छ ।

***गैरदलीयताको भ्रम र यथार्थ***

के गैरदलीय निर्वाचनले सबै समस्या समाधान गर्छ त ? हाम्रो इतिहास र वर्तमानका केही उदाहरणले यसलाई पुष्टि गर्दैनन् । पञ्चायतकालमा पनि गाउँ पञ्चायतका चुनावहरू हुन्थे । विद्यार्थी युनियनका चुनावहरूमा 'प्रगतिशील' वा 'प्रजातान्त्रिक' प्यानल बनाएर लडिन्थ्यो, तर त्यसको पछाडि दलहरूकै बलियो 'ब्याकिङ' हुन्थ्यो । आज पनि हामीले राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख जस्ता पदहरूलाई 'निर्दलीय' बनाउन दल त्याग गर्ने व्यवस्था गरेका छौँ । तर के व्यवहारमा उनीहरूले दलभन्दा माथि उठेर काम गरेको अनुभूत गर्न सकिएको छ ? छैन ।

छिमेकी मुलुक भारतमा पनि स्थानीय चुनाव निर्दलीय हुन्छ, तर त्यहाँ पनि व्यवहारमा दलहरूकै प्रभाव रहन्छ । त्यसैले केवल कागजमा 'निर्दलीय' लेख्दैमा मान्छेको सोच र व्यवहार परिवर्तन हुँदैन । दलीय चुनाव हुँदा दलले कारबाही गर्दा पद जाने व्यवस्था हुन्छ, तर निर्दलीयमा त्यो पनि हुँदैन । यसले प्रतिनिधिलाई झन् बढी निरङ्कुश बनाउन सक्ने खतरा पनि रहन्छ ।

***बजेट वितरणको रोग र 'चाकडी' संस्कृति***

हाम्रो स्थानीय तहको प्रभावकारितामा अर्को ठुलो बाधा भनेको बजेट वितरणको गलत शैली हो । हामीले सुन्ने गरेका छौँ- कुल बजेटको ३०-४० प्रतिशत त प्रधानमन्त्री, प्रभावशाली मन्त्री वा अर्थमन्त्रीको निर्वाचन क्षेत्रमा मात्र केन्द्रित हुन्छ । यो कुन लोकतान्त्रिक संस्कृति हो ? एउटै पार्टीभित्र पनि अरू सबैलाई छोडेर केवल मुख्य नेताको क्षेत्रमा बजेट थुपार्ने प्रवृत्तिले स्थानीय तहलाई पङ्गु बनाएको छ ।

यो समस्याको समाधान निर्वाचन प्रणाली परिवर्तन गरेर होइन, कानुन बनाएर खोजिनुपर्छ । हामीलाई सूचकमा आधारित बजेट प्रणाली चाहिएको छ । कुन क्षेत्रको आवश्यकता कति छ, त्यहाँको जनसङ्ख्या र भूगोल कस्तो छ भन्ने आधारमा बजेट जाने कानुन हुनुपर्छ, नेताको प्रभावका आधारमा होइन । अहिले त स्थानीय जनप्रतिनिधिहरू बजेट माग्न मन्त्री वा कर्मचारीको ढोकामा 'चाकडी' बजाउन जानुपर्ने विडम्बनापूर्ण अवस्था छ । उनीहरूले निर्वाचनमा जनतासँग धेरै बाचा गरेका हुन्छन्, तर बजेट केन्द्रको हातमा हुन्छ । यो 'चाकडी' संस्कृति अन्त्य नगरेसम्म दलीय वा निर्दलीय जुनसुकै प्रणाली आए पनि जनताले राहत पाउने छैनन् ।

***सांस्कृतिक र प्रवृत्तिगत सुधारको खाँचो***

हाम्रो लोकतन्त्र अझै पनि 'सोसियलाइजेशन' (सामाजिकीकरण) को प्रक्रियामै छ । युरोप-अमेरिकामा पनि सुरु-सुरुमा स्थानीयस्तरमा धेरै समस्या थिए । बिस्तारै उनीहरू जिम्मेवार हुँदै आए । निर्वाचित भइसकेपछि म केवल एउटा गुट वा दलको होइन, सबै नागरिकको साझा मान्छे हुँ भन्ने आचरण विकास हुन समय लाग्छ ।

अहिले कतिपय स्थानीय तहमा नगर सभा वा गाउँ सभा हुन सकेका छैनन् । यो गम्भीर विषय हो । सभा नहुनु भनेको स्थानीय लोकतन्त्र ठप्प हुनु हो । यसको जिम्मेवारी सम्बन्धित मेयर वा अध्यक्षले मात्र होइन, उनलाई उठाउने दलले पनि लिनुपर्छ । किन पार्टीहरूले आफ्ना प्रतिनिधिलाई सभा गर्न र जनताको काम गर्न दबाब दिँदैनन् ? किनभने पार्टीहरू आफैँ जिम्मेवार छैनन् । मिडिया र नागरिक समाजले पनि मेयरलाई मात्र प्रश्न गर्ने होइन, उसलाई टिकट दिने पार्टीलाई पनि कठघरामा उभ्याउनुपर्छ ।

***निष्कर्ष***

अन्त्यमा, स्थानीय तहको निर्वाचन दलीय हुनु वा निर्दलीय हुनु आफैँमा अन्तिम समाधान होइन । यो केवल एउटा प्राविधिक पक्षमात्र हो । मुख्य कुरा त हाम्रो राजनीतिक आचरण र प्रवृत्तिमा शुद्धता आउनु हो । जबसम्म कानुनमा आधारित बजेट प्रणाली, सुशासनको ग्यारेन्टी र पार्टीहरूको सङ्घीयकरण हुँदैन, तबसम्म प्रणाली परिवर्तनको बहसले मात्र जनताको जीवनमा परिवर्तन ल्याउन सक्दैन ।हामीले प्रणाली बदल्नेभन्दा पनि प्रवृत्ति बदल्ने र कानुनलाई बलियो बनाउने दिशामा बहसलाई केन्द्रित गर्नुपर्छ । निर्वाचित प्रतिनिधिले भोट दिने र नदिने दुवैलाई समान व्यवहार गर्ने र दलहरूले आफ्ना प्रतिनिधिलाई जनताप्रति उत्तरदायी बनाउने संस्कार बसाल्नु नै आजको मुख्य आवश्यकता हो । यी कुराहरू नसुध्रिएसम्म दलीय बनाउनुस् वा निर्दलीय, परिणाम उस्तै आउनेछ । लोकतन्त्रको जरा मानिने स्थानीय तहलाई बलियो बनाउन नियम, कानुन र आचरणमै शुद्धता ल्याउनुको विकल्प छैन । *साभार:रातोपाटीडटकम*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# कागती पानी : स्वस्थ दिनको सरल सुरुआत

तपाईंको दिनको सुरुआतले समग्र स्वास्थ्य र दैनिक ऊर्जामा प्रभाव पार्न सक्छ। स्वस्थ जीवनशैली अपनाउन सधैं महँगा औषधि, जटिल उपचार वा कठिन नियमहरू आवश्यक पर्दैनन्। कहिलेकाहीँ साना र सरल बानीहरूले पनि स्वास्थ्यमा उल्लेखनीय सकारात्मक परिवर्तन ल्याउन सक्छन्। यस्तै सहज, सस्तो र लोकप्रिय बानीमध्ये एक हो–बिहान उठ्नेबित्तिकै एक गिलास मनतातो कागती पानी सेवन गर्नु। पछिल्ला वर्षहरूमा स्वास्थ्यप्रति सचेत मानिसहरूमाझ कागती पानी लोकप्रिय पेयका रूपमा स्थापित भएको छ। ताजा कागतीको रस र पानीको यो साधारण मिश्रणले शरीरलाई ताजगी प्रदान गर्नुका साथै विभिन्न पोषक तत्त्वको आपूर्ति गर्न मद्दत गर्छ। स्वादिलो, कम क्यालोरीयुक्त र सजिलै उपलब्ध हुने भएकाले यसलाई स्वस्थ जीवनशैलीको हिस्सा बनाउनेहरूको संख्या बढ्दो छ।

*पोषणको राम्रो स्रोत*

कागती आकारमा सानो भए पनि पोषणका दृष्टिले निकै महत्वपूर्ण फल हो। यसमा विशेषगरी भिटामिन सी, साइट्रिक एसिड, पोटासियम, क्याल्सियम तथा एन्टिअक्सिडेन्ट तत्व प्रशस्त मात्रामा पाइन्छन्। यी तत्त्वहरूले रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न, पाचन प्रक्रियालाई सहज बनाउन तथा शरीरका विभिन्न अंगहरूको कार्यसम्पादनलाई सन्तुलित राख्न सहयोग पुऱ्याउँछन्।

*कागती पानीका प्रमुख स्वास्थ्य लाभ*

*१. शरीरलाई हाइड्रेट राख्न मद्दत*

मानव शरीरको अधिकांश भाग पानीले बनेको हुन्छ। पर्याप्त पानीको सेवनले शरीरका सबै प्रणालीलाई सुचारु रूपमा सञ्चालन गर्न मद्दत गर्छ। कागती मिसाएको पानी स्वादिलो हुने भएकाले पानी पिउने बानी बढाउन सहयोग पुऱ्याउँछ।

*२. रोग प्रतिरोधात्मक क्षमता सुदृढीकरण*

कागतीमा पाइने भिटामिन सी प्रतिरक्षा प्रणालीका लागि अत्यन्त महत्वपूर्ण पोषक तत्त्व हो। यसले संक्रमणसँग लड्ने शरीरको क्षमता बढाउन सहयोग गर्न सक्छ।

*३. पाचन प्रक्रियामा सहयोग*

खाली पेटमा मनतातो कागती पानी सेवन गर्दा पाचन प्रणाली सक्रिय हुन सक्छ। यसले अपच, कब्जियत तथा पेट फुल्ने समस्यामा केही राहत दिन सक्ने विभिन्न अध्ययनहरूले संकेत गरेका छन्।

*४. छालाको स्वास्थ्यमा सकारात्मक प्रभाव*

भिटामिन सीले कोलाजेन उत्पादनमा सहयोग पुऱ्याउँछ, जसले छालालाई स्वस्थ, चम्किलो र लचिलो बनाउन मद्दत गर्छ। साथै, एन्टिअक्सिडेन्टहरूले छालालाई वातावरणीय क्षतिबाट जोगाउन सहयोग पुऱ्याउन सक्छन्।

*५. ताजगी र स्फूर्ति प्रदान*

कागतीको प्राकृतिक सुगन्ध र स्वादले बिहानै शरीर तथा मनलाई ताजगीको अनुभूति गराउँछ। क्याफिनयुक्त पेय पदार्थको विकल्पका रूपमा पनि यसलाई प्रयोग गर्न सकिन्छ।

६. मुखको दुर्गन्ध कम गर्न सहयोग



बिहान उठ्दा देखिने मुखको दुर्गन्ध कम गर्न कागती पानी उपयोगी हुन सक्छ। यसले मुखभित्रको वातावरणलाई ताजा राख्न मद्दत पुऱ्याउँछ।

*७. तौल व्यवस्थापनमा सहयोगी*

कागती पानी आफैंमा तौल घटाउने औषधि होइन। तर, चिनी मिसिएका पेय पदार्थको विकल्पका रूपमा प्रयोग गर्दा अतिरिक्त क्यालोरीको सेवन घटाउन मद्दत पुग्न सक्छ।

*८. मिर्गौलाको स्वास्थ्यमा लाभदायी*

कागतीमा पाइने साइट्रेटले मिर्गौलामा पत्थरी बन्ने जोखिम कम गर्न सहयोग गर्न सक्ने केही अध्ययनहरूले देखाएका छन्।

*९. रक्तचाप सन्तुलनमा सहयोग*

पोटासियमले रक्तचाप नियन्त्रण र मुटुको नियमित कार्यसम्पादनमा सकारात्मक भूमिका खेल्छ।

*१०. अक्सिडेटिभ तनावबाट सुरक्षा*

कागतीमा रहेका एन्टिअक्सिडेन्टहरूले शरीरका कोषहरूलाई फ्री रेडिकलबाट हुने क्षतिबाट जोगाउन मद्दत गर्छन्।

*सावधानी पनि आवश्यक*

कागती पानी सामान्यतया सुरक्षित मानिए पनि यसको अत्यधिक सेवन उचित हुँदैन। कागतीको अम्लीय गुणका कारण दाँतको इनामेलमा असर पर्न सक्छ। त्यसैले सेवनपछि सफा पानीले मुख कुल्ला गर्नु उपयुक्त हुन्छ। त्यस्तै, ग्यास्ट्रिक, अम्लपित्त वा पेटको अल्सर भएका व्यक्तिहरूले खाली पेटमा कागती पानी सेवन गर्दा असहजता अनुभव गर्न सक्छन्। यस्ता अवस्थामा चिकित्सक वा पोषणविद्को सल्लाह लिनु उपयुक्त हुन्छ।

*निष्कर्ष*

कागती पानी स्वस्थ जीवनशैलीतर्फको एउटा सरल, सस्तो र प्रभावकारी कदम हो। यसले शरीरलाई हाइड्रेट राख्न, भिटामिन सीको आपूर्ति गर्न तथा दैनिक ताजगी प्रदान गर्न सहयोग पुऱ्याउन सक्छ। यद्यपि, यसलाई कुनै रोगको उपचारको विकल्पका रूपमा बुझ्नु हुँदैन। सन्तुलित आहार, नियमित व्यायाम र स्वस्थ बानीहरूसँगै उचित मात्रामा कागती पानी सेवन गर्दा समग्र स्वास्थ्यमा सकारात्मक योगदान पुग्न सक्छ।

## प्रतिनिधि सभाबाट पारित भयो विनियोजन विधेयक

दैनिक समाचारदाता

काठमाडौँ ४ असार । बजेटको सबैभन्दा महत्त्वपूर्ण अङ्गको रूपमा रहेको आर्थिक वर्ष २०८३/८४ को विनियोजन विधेयक प्रतिनिधि सभाबाट पारित भएको छ ।

बिहीबार १३ वटा निकायको विनियोजनमाथि छलफल सकिएसँगै उक्त प्रस्ताव बहुमतले पारित भएको हो ।

यसअघि सबै सांसदहरूले राखेका मन्त्रालयगत खर्च कटौतीको प्रस्ताव अस्वीकृत भएको थियो ।

योसँगै सरकारले आगामी आर्थिक वर्षका लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँ बराबरको बजेट खर्च गर्न पाउने भएको छ । यद्यपि यसअघि उक्त विधेयक राष्ट्रियसभामा छलफल भई राष्ट्रपतिबाट प्रमाणीकरण भने हुनु पर्नेछ । बजेट अन्तर्गत नै आर्थिक विधेयक र राष्ट्र ऋण उठाउने विधेयकमा भने छलफल हुनै बाँकी छ।

## मधेशमा......

दुर्घटनामा २४ हजार ६ सय ४८ जनाको मृत्यु भएको छ भने ५४ हजार १ सय ८० जना गम्भीर घाइते भएका छन्। औसतमा नेपालमा प्रत्येक दिन सडक दुर्घटनाका कारण सात जनाले ज्यान गुमाउने गरेका छन्।

सडक दुर्घटनाको बढ्दो दरले सडक सुरक्षा, ट्राफिक व्यवस्थापन, जनचेतना अभिवृद्धि तथा कडा कानुनी कार्यान्वयनको आवश्यकता थप महसुस गराएको सरोकारवालाहरूले बताएका छन्।

## गोदामबाट...

हानेर उक्त बीउ बरामद गरेको थियो। छापामारीका क्रममा केही स्थानीय व्यक्तिहरू भेला भई सुरक्षाकर्मीमाथि ढुंगामुढा गरेका थिए।

स्थिति तनावपूर्ण बनेपछि सुरक्षाकर्मीले अवस्था नियन्त्रणमा लिन एक राउन्ड अश्रुग्यास प्रहार गर्नुपरेको प्रवक्ता कार्कीले जानकारी दिए। ढुंगा प्रहारका कारण सशस्त्र प्रहरीको एउटा ट्रकमा सामान्य क्षति पुगेको जनाइएको छ।

बरामद गरिएको ७५ बोरा फर्सीको बीउ आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउन सर्लाही भन्सार कार्यालय, मलंगवामा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ।

## अधिकार......

यातायातमन्त्री शारदा देवी थापाले सडक दुर्घटना न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि अपरिहार्य रहेको बताउनुभयो। विद्यालय तहमा ट्राफिक शिक्षाको अभ्यास सकारात्मक रहेको उल्लेख गर्दै उहाँले महिला समूह तथा समुदायस्तरसम्म सडक सुरक्षासम्बन्धी सचेतना कार्यक्रम विस्तार गर्नुपर्नेमा जोड दिनुभयो।

प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले सडक सुरक्षालाई नीतिगत प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याउँदै प्रमाणमा आधारित नीति निर्माण, सडक पूर्वाधार सुधार तथा सम्बन्धित निकायबीच सहकार्य सुदृढ गर्नुपर्ने बताउनुभयो।मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन पर्याप्त बजेट, जनशक्ति र अधिकार आवश्यक रहेको बताउनुभयो। सडक दुर्घटनाका कारणहरूको वैज्ञानिक अध्ययन गरी नीतिगत सुधार गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ओमराज ढुङ्गानाले सडक सुरक्षामा सुधारका लागि सबै सरोकारवाला निकायको सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो। मन्त्रालयका सहसचिव इन्जिनियर शुभराज न्यौपानेले सडक सुरक्षासम्बन्धी विषयलाई विद्यालय तहको पाठ्यक्रममै समावेश गर्नुपर्ने सुझाव दिनुभयो।




विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# मधेश प्रदेशसभा पुस्तकालय सञ्चालनमा





दैनिक समाचारदाता
जनकपुरधाम, ४ असार । मधेश प्रदेशसभा सचिवालय परिसरमा निर्माण गरिएको पुस्तकालय भवनको उद्घाटनसँगै बिहीबारदेखि औपचारिक रूपमा सञ्चालनमा आएको छ ।

पुस्तकालय भवनको उद्घाटन गर्दै मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले ज्ञान, अध्ययन र अनुसन्धानको प्रवर्द्धनका लागि पुस्तकालय महत्वपूर्ण माध्यम भएको बताउनुभयो । उहाँले अब प्रदेशसभा सदस्य, कर्मचारी तथा सञ्चारकर्मीहरूले पुस्तकालयका स्रोत(सामग्रीको उपयोग गर्दै अध्ययन तथा अनुसन्धान गर्न सक्ने जानकारी दिनुभयो ।

सभामुख यादवले ज्ञानलाई सबै मौसममा फल्ने अमूल्य सम्पत्तिको संज्ञा दिँदै भन्नुभयो, "ज्ञान यस्तो फल हो, जुन सधैँ फलिरहन्छ । ज्ञान आर्जनका लागि विवेक र अध्ययन आवश्यक पर्छ, र त्यसको प्रमुख आधार पुस्तकालय हो ।"

उहाँका अनुसार पुस्तकालयमा हाल १ हजार १ सय २९ वटा पुस्तक सङ्कलन गरिएको छ । आगामी दिनमा पुस्तकहरूको संख्या थप विस्तार गरिनेछ । पुस्तकालयमा राजनीति, संविधान, संङ्घ तथा प्रदेशका कानुन, नियमावली, कार्यविधि, धार्मिक तथा ऐतिहासिक विषयवस्तु, सर्वोच्च अदालतका नजिर, कथा, कविता तथा अंग्रेजी भाषाका विभिन्न पुस्तकहरू उपलब्ध छन् ।

सभामुख यादवले पुस्तकालयले प्रदेशसभा सदस्य, सचिवालयका कर्मचारी तथा अनुसन्धानमा रुचि राख्ने व्यक्तिहरूलाई आवश्यक अध्ययन सामग्री उपलब्ध गराउँदै ज्ञान र सूचनामा पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री सुरिता साहले पुस्तकालय स्थापनाले अध्ययन, अनुसन्धान तथा संसदीय गतिविधिलाई थप प्रभावकारी र परिणाममुखी बनाउन सहयोग पुग्ने अपेक्षा व्यक्त गर्नुभयो।

उद्घाटन कार्यक्रममा उपसभामुख बबिता राउत ईश्वर, प्रदेशसभा सदस्यहरू, सचिवालयका कर्मचारी तथा सञ्चारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

# कृष्णबहादुर महराले लिए सक्रिय राजनीतिबाट अवकाश

दैनिक समाचारदाता
काठमाडौँ । पूर्वसभामुख तथा नेपाली कम्युनिस्ट आन्दोलनका वरिष्ठ नेता कृष्णबहादुर महराले सक्रिय राजनीतिबाट बिदा लिएका छन्। बिहीबार विज्ञप्तिमार्फत उनले करिब पाँच दशक लामो राजनीतिक यात्राबाट अलग हुने घोषणा गरेका हुन्।

महराले पार्टीप्रति कुनै असन्तुष्टि वा वितृष्णाका कारण नभई स्वास्थ्य अवस्था र बढ्दो उमेरका कारण सक्रिय राजनीतिबाट अलग हुने निर्णय गरेको स्पष्ट पारे। "पार्टी छाडेको होइन, सक्रिय जिम्मेवारीबाट अलग भएको हुँ। पार्टीप्रति कुनै वितृष्णा छैन," उनले भने।



रोल्पाको लिवाङमा २०१५ साल असार १५ गते जन्मिएका महरा २०३६ सालदेखि वामपन्थी राजनीतिमा सक्रिय थिए। राजनीतिमा पूर्णकालीन रूपमा लाग्नुअघि उनले विज्ञान तथा गणित विषयका शिक्षकका रूपमा करिब एक दशक शिक्षण गरेका थिए। विद्यार्थी आन्दोलन हुँदै कम्युनिस्ट राजनीतिमा प्रवेश गरेका महरा पछि नेकपा ( माओवादी) का प्रमुख नेतामध्ये एक बने।

महरा २०५२ सालमा सुरु भएको माओवादी जनयुद्धका क्रममा भूमिगत भएका थिए। शान्ति प्रक्रियाको महत्वपूर्ण चरणमा उनले सरकार र माओवादीबीच भएका वार्तामा संयोजक, सदस्य तथा प्रवक्ताको भूमिका निर्वाह गरेका थिए। २०४८ सालमा रोल्पाबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका उनी २०६४ र २०७० का संविधानसभा निर्वाचन तथा २०७४ को प्रतिनिधिसभा निर्वाचनमा पनि विजयी भएका थिए।

उनले सूचना तथा सञ्चारमन्त्री, गृहमन्त्री, अर्थमन्त्री, परराष्ट्रमन्त्री, उपप्रधान मन्त्रीलगायत विभिन्न महत्वपूर्ण जिम्मेवारी सम्हाले। २०७४ सालमा प्रतिनिधिसभाको सभामुख बनेका महरा त्यसपछि राष्ट्रिय राजनीतिमा शक्तिशाली नेताका रूपमा चिनिएका थिए।

तर २०७६ सालमा संसद् सचिवालयकी एक महिला कर्मचारीसँग यौन दुर्व्यवहार गरेको आरोप लागेपछि उनले सभामुख पदबाट राजीनामा दिएका थिए। अदालतबाट उक्त आरोपमा सफाइ पाए पनि त्यसपछि उनको राजनीतिक यात्रा निरन्तर विवादमा तानियो। पछिल्लो समय सुन तस्करीसँग जोडिएको भनिएको 'भेप प्रकरण' मा पक्राउ परेका उनी धरौटीमा रिहा भएका थिए भने सो प्रकरणमा अझै मुद्दा विचाराधीन छ।

माओवादी आन्दोलन, शान्ति प्रक्रिया, संविधान निर्माण र गणतन्त्र स्थापनाका विभिन्न चरणमा सक्रिय भूमिका खेलेका महराले ६८ वर्षको उमेरमा सक्रिय राजनीतिबाट विश्राम लिएका छन्। करिब ४८ वर्ष लामो राजनीतिक जीवनमा उनले अनेक उतारचढाव, सफलता र विवादहरू भोगे। उनको सक्रिय राजनीतिक अवकाशसँगै नेपाली वाम राजनीतिको एउटा महत्वपूर्ण अध्याय औपचारिक रूपमा समाप्त भएको छ।

# पोखरीमा अज्ञात पुरुषको शव फेला

दैनिक समाचारदाता
जनकपुरधाम, ४ असार । धनुषाको मिथिला बिहारी नगरपालिका-२ पुरनदाहास्थित एक सरकारी पोखरीमा अन्दाजी ४० वर्षीय पुरुषको शव फेला परेको छ।

स्थानीयवासीले पोखरीमा शव देखेपछि प्रहरीलाई जानकारी गराएका थिए। सूचना प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थल पुगेर शवको मुचुल्का उठाउने तथा अनुसन्धान प्रक्रिया अघि बढाएको जनाएको छ।

प्रहरीका अनुसार मृतकको उमेर करिब ४० वर्ष रहेको अनुमान गरिएको भए पनि हालसम्म उनको नाम, थर, ठेगाना तथा अन्य पहिचान खुल्न सकेको छैन। नेपाल प्रहरीको केन्द्रीय समाचार कक्षले पोखरीमा अज्ञात पुरुषको शव फेला परेको पुष्टि गर्दै मृतकको पहिचान खुलाउने प्रयास भइरहेको जनाएको छ।

घटनाको प्रकृति, मृत्युको कारण तथा शव पोखरीमा कसरी पुग्यो भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। शवलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि पठाइएको छ।

प्रहरीले मृतकको पहिचान तथा घटनाको वास्तविकता खुलाउन थप अनुसन्धानलाई तीव्रता दिएको जनाएको छ।

# कुर्थामा महिलालाई स्वास्थ्य-सरसफाई तालिम

दैनिक समाचारदाता
जनकपुरधाम, ४ असार । जनकपुरधाम उपमहा नगरपालिका-२१ कुर्थामा महिलालाइ स्वास्थ्य तथा सरसफाई सम्बन्धी ६ दिने तालिम आज सम्पन्न भएको छ।

गरीबसँग विशेश्वर कार्यक्रम अन्तर्गत ससर्त पुजी गत अनुदान कार्यक्रम अन्तर्गत रु एक लाख ८५ हजारको सहयोगमा आयोजना गरिएको र उक्त तालिममा २४० जना महिलाको सहभागिता रहेको थियो।

समापन समारोहमा प्रमुख अतिथिको रूपमा वडा नं २१ का अध्यक्ष राजनारायण साह र



विशिष्ट अतिथिको रूपमा जिल्ला समन्वय समिति धनुषाका सदस्य तथा समाजसेवी महेन्द्र महतोको उपस्थित रहेको थियो।

कार्यक्रम तालिम सनगठित समुहका अध्यक्ष लिलम कुमारी साहको अध्यक्षतामा सम्पन्न भएको थियो।

कार्यक्रममा गरीबसँग विशेश्वर कार्यक्रमका सामाजिक परिचालक अशोक दास, प्रशिक्षक बिरेन्द्र नायकले तालिमबारे धारणा राख्नुभएको थियो।

# मलंगवाबाट ७५ बोरा फर्सीको बीउ बरामद

दैनिक समाचारदाता
सर्लाही, ४ असार । सर्लाहीको मलंगवा नगरपालिकास्थित एक व्यवसायिक गोदामबाट अवैध रूपमा भण्डारण गरिएको ठूलो परिमाणको फर्सीको बीउ सशस्त्र प्रहरीले बरामद गरेको छ।



मलंगवा नगरपालिका-२ स्थित कृष्णमन्दिर नजिक रहेको दिनकर सेल्स सप्लायर्सबाट ७५ बोरा फर्सीको बीउ बरामद गरिएको हो। उक्त सप्लायर्स स्थानीय व्यवसायी नवीनकुमार यादवको स्वामित्वमा रहेको बताइएको छ।सशस्त्र प्रहरी बल नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीबाट प्राप्त विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल नं. १० गण सर्लाही, सीमा सुरक्षा गुल्म मलंगवा, बोर्डर आउटपोस्ट खुटौना, नेपाल प्रहरी तथा जिल्ला प्रशासन कार्यालयको संयुक्त टोलीले गोदाममा छापा मारेर बीउ नियन्त्रणमा लिएको हो।

सशस्त्र प्रहरीका प्रवक्ता प्रहरी उपरीक्षक नेत्रबहादुर कार्कीका अनुसार टोलीले जेठ ३ गते राति गोदाममा छापा हानेर उक्त बीउ बरामद गरेको थियो। छापामारीका क्रममा केही स्थानीय व्यक्ति भेला भई सुरक्षाकर्मीमाथि ढुंगामुढा गरेका थिए।


स्थिति तनावग्रस्त बनेपछि सुरक्षाकर्मीले अवस्था नियन्त्रणमा लिन एक राउन्ड अश्रुग्यास प्रहार गर्नुपरेको प्रवक्ता कार्कीले जानकारी दिए। ढुंगा प्रहारबाट सशस्त्र प्रहरीको एक ट्रकमा सामान्य क्षति पुगेको जनाइएको छ। बरामद गरिएको ७५ बोरा फर्सीको बीउ आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउन सर्लाही भन्सार कार्यालय, मलंगवामा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४